## तपाईंको सफलता निम्ति तपाईंको सहभागी

हाम्रो परिवार संलग्नता कार्यक्रम पी टी ए (PTA)-का छः राष्ट्रिय मानकहरूमाथि आधारित छन्:

- **सबै परिवारहरूलाई स्वागत गर्छ**

स्कूलले परिवारहरूलाई उनीहरूको शिशुको शिक्षाको दिशामा मूल्यवान सहभागीहरू ठान्छ अनि उनीहरूलाई स्कूल समुदायमा आफ्नोपनको भावनाको अनुभूति गराउनको लागि मार्ग प्रशस्त गर्छ।

- **प्रभावकारी ढङ्गमा सर-संवाद गर्छ**

स्कूलका सपोर्ट्स अर्थात् समर्थनकारी स्टाफ अगावै सक्रिय भएर, समयोचित एवम् दुइ-तर्फे सर-संवादमा संलग्न हुन्छन्, जसमा सबै परिवारहरूले उनीहरूको शिशुको शैक्षिक अनुभवबारे सहजै बुझ्नसकुन् अनि त्यसमा योगदान गर्नसकुन्।

- **विद्यार्थीलाई सफल बनाउन समर्थन प्रदान गर्छ**

स्कूलले परिवारहरू तथा शिक्षा प्रदान गर्नेहरूको क्षमताको निर्माण गर्छ, जसमा विद्यार्थीको शैक्षिक, सामाजिक एवम् भावनात्मक क्षेत्रहरूमा सिक्दै जाने प्रक्रियालाई समर्थन दिने दिशामा उनीहरू बीच निरन्तर सर-सहयोग कायम रहोस्।

- **प्रत्येक शिशुको लागि बोल्छ**

सबै विद्यार्थीहरूप्रति निष्पक्ष व्यवहार गरियोस् अनि उनीहरुको सफलतामा योगदान पुर्‍याउने सबै सम्बन्धहरू साथै अवसरहरूप्रति उनीहरूको पहुँच होस् भनी सुनिश्चित गर्नको लागि परिवार एवम् विद्यार्थीसम्बन्धी विशेषज्ञता आवश्यक छ भन्ने कुरोलाई स्कूलले दृढताका साथ स्वीकार्छ।

- **पावर अर्थात् शक्ति वा अधिकारलाई साझा गर्छ**

शिशुहरू तथा परिवारहरूलाई प्रभावित पार्ने निर्णयहरू लिँदा स्कूलले परिवारहरूसित सहभागिता गर्छ अनि एक टोलीको रूपमा एकसाथ मिलेर नीतिहरू, अभ्यासहरू र कार्यक्रमहरूबारे सूचित गर्छ, तिनीहरूलाई प्रभावित पार्छ साथै तिनीहरूको सिर्जना गर्छ।

- **समुदायसित मिलेर काम गर्छ**

सिक्ने दिशामा विस्तारित अवसरहरू, सामुदायिक सेवाहरू अनि नागरिक सहभागिताका साथ विद्यार्थीहरू, परिवारहरू तथा स्टाफको सर-सम्पर्क स्थापित गराउनको लागि स्कूलले सामुदायिक सङ्गठनहरू र सदस्यहरूसित मिलेर काम गर्छ।

## आमाबुवा/अभिभावकको रूपमा, तपाईंका अधिकारहरू हुन्...

- तपाईंको शिशुका शिक्षक/ शिक्षिकाहरू अनि यदि तपाईंको शिशुले कुनै पेसावालबाट सेवाहरू प्राप्त गरिरहेको छ भने, ती प्याराप्रोफेशनलहरूका योग्यताहरूबारे जान्नु
- तपाईंको शिशुलाई राज्यद्वारा तोकिएका योग्यताहरू नभएका शिक्षक/ शिक्षिकाले चार साताहरूभन्दा अधिक समयदेखि पढाइरहेको छ भने, त्यसबारे जान्नु
- स्कूल अनि तपाईंको शिशुले मूल्याङ्कनका मापनहरूको आधारमा प्रदर्शन गरिरहेका छन् भनी जान्नु
- तपाईंले प्राथमिकता दिनुभएको भाषामा तपाईंको स्कूलबाट नियमित रूपमा सर-सञ्चार वा सूचनाहरूको अपेक्षा गर्नु
- स्कूल अनि परिवारहरू बीच स्कूल-तहको पारिवारिक सम्झौताको विकास निम्ति अन्य परिवारहरू तथा शिक्षक/ शिक्षिकाहरूसित मिलेर काम गर्नु
- टाइटल I (Title I) कोष (फण्ड)-हरूको कसरी उपयोग गरिनुपर्छ, त्यसको योजना बनाउनमा सहायता पुर्‍याउनु
- एक एकीकृत सुधार योजना [Unified Improvement Plan (UIP)]-को विकास गर्नको लागि अन्य परिवारहरू, शिक्षक/ शिक्षिकाहरू, तथा प्रिन्सिपलसित मिलेर काम गर्नु
- तपाईंको शिशुका शिक्षक/ शिक्षिका वा प्रिन्सिपलसित भेटघाटको लागि अनुरोध गर्नु
- कुनै पनि आवश्यक मूल्याङ्कनहरूमा विद्यार्थीको सहभागिता अनि यस्ता मूल्याङ्कनहरूमा तपाईंको शिशुलाई भाग लिनुबाट रोक्नसक्ने तपाईंको अधिकारसित सम्बद्ध राज्यको नीतिबारे जानकारी निम्ति अनुरोध गर्नु
- निर्णय लिने प्रक्रिया तथा परिवारहरूलाई सूचना दिनको लागि हुने बैठकहरूमा भाग लिनु


सम्पर्क:

**Title I Office**
**1829 Denver West Drive, #27**
**Golden, CO 80401**
**303-982-0835**


# हामी एक हौं, हामी टाइटल I (Title I) हौं



JEFFCO PUBLIC SCHOOLS
#BetterTogether

## टाइटल I (Title I) हो...

राष्ट्रमा एलिमेन्टरी अनि सेकेण्डरी (प्राथमिक अनि माध्यमिक) शिक्षाको लागि सङ्घद्वारा सर्वाधिक कोष प्रदान गरिने कार्यक्रम। प्रत्येक विद्यार्थी सफल हुन्छ ऐन [Every Student Succeeds Act (ESSA)]-लाई 2015-मा एलिमेन्टरी अनि सेकेण्डरी शिक्षा ऐन [Elementary and Secondary Education Act (ESEA)]-द्वारा स्वीकृति प्रदान गरिएको थियो।

ESSA-ले सबै विद्यार्थीहरूका परिणामहरूमा सुधार गर्ने अवसर उपलब्ध गराउँछ। ESSA-ले Jeffco पब्लिक स्कूल्सलाई ती विद्यार्थीहरूको लागि समदृष्टि वा साम्यावस्था हासिल गर्नमा मद्दत पुर्‍याउँछ, जो शैक्षिक मानकहरूलाई पूरा गर्न नसक्ने जोखिममा छन्।

स्कूलहरूलाई थप शैक्षिक समर्थन अनि सिक्ने अवसरहरू उपलब्ध गराउने उद्देश्यले टाइटलI (Title I)-लाई तयार पारिएको छ, जसको परिणामस्वरूप, सबै विद्यार्थीहरूले प्रमाण-आधारित निर्देश मार्फत शैक्षिक दक्षता हासिल गर्न सक्नेछन्।



जेफ्कन (Jeffcon) 2023

## टाइटल I (Title I) फण्ड्स अर्थात् कोषहरू...

स्कूलको निरन्तर सुधार निम्ति निश्चित गरिएका स्कूल-व्यापी अनि डिस्ट्रिक्टका लक्ष्यहरूसित मेल खान्छन्। निःशुल्क अनि कम्ती दरहरूमा दिउँसोको भोजन निम्ति योग्यता हुने विद्यार्थीहरूको अधिकतम सङ्ख्या भएका स्कूलहरूलाई स्थानीय डिस्ट्रिक्टद्वारा कोषहरू प्रदान गरिन्छन्। आर्थिक आवश्यकताहरू भएका स्कूलहरूको हरेक विद्यार्थीलाई समान शैक्षिक अवसरहरू उपलब्ध गराउनमा मद्दत पुर्‍याउनको लागि टाइटलI (Title I) कोषले स्थानीय स्कूलहरूलाई सहायता दिन्छ।

## टाइटल I (Title I) सेवाहरूमा निम्न सामेल हुन सक्छ:

- रिडिङ्ग (पठन) अनि म्याथ (गणित)-मा प्रस्ट रूपमा केन्द्रित निर्देश
- सिक्नको लागि विस्तारित अवसरहरू
- शिक्षक/ शिक्षिका/ स्टाफ पेसावाल अध्ययन
- परिवारको लागि संलग्नताका अवसरहरू
- सिक्ने प्रक्रियाको गतिलाई द्रूत बनाउनको लागि अनुसन्धान-आधारित शैक्षिक सामग्रीहरू
- पेसावाल परामर्श, सल्लाहसम्बन्धी सेवाहरू, अनि स्कूल-आधारित मानसिक स्वास्थ्य कार्यक्रमहरू
- स्कूल परिवेश हस्तक्षेपकारी सेवाहरू
- विद्यार्थीलाई सिक्ने डिजिटल प्रक्रियातर्फ अनि शिक्षक/ शिक्षिकालाई प्रशिक्षणतर्फ अग्रसर गराउनको लागि पहुँच प्रदान गर्ने डिभाइसहरू र सफ्टवेयर

## टाइटल I (Title I) स्कूलहरूले...

- बजेटमा सबै विद्यार्थीहरू, विशेष गरी, राम्रो प्रदर्शन नगर्ने उनीहरूका विद्यार्थीहरूका आवश्यकताहरूलाई पूरा गर्नको लागि कोषहरूको प्रबन्ध गर्छन्
- क्लासरूम निर्देशलाई समर्थन प्रदान गर्ने कार्यक्रमहरूको विकास गर्छन्
- विद्यार्थीको प्रगतिको निगरानी गर्छन्
- विद्यार्थीहरूलाई सफल हुनको लागि सहायता पुर्‍याउने दिशामा स्कूलले गरिरहेको प्रगतिबारे परिवारहरू अनि समुदायलाई रिपोर्ट अर्थात् विवरण दिन्छन्
- स्कूल तथा डिस्ट्रिक्ट तहको निर्णय लिने प्रक्रियामा परिवारहरूलाई सामेल गर्छन्

## हाम्रो उद्देश्य:

**सबै विद्यार्थीहरूको सफलता सुनिश्चित गर्नको लागि पहुँच, निष्पक्षता एवम् अवसर उपलब्ध गराउनु।**